नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

फोनः०१-४२००३३१
०१-४२००३३२
www.mofaga.gov.np

Email: siss2075@gmail.com
सिंहदरबार, काठमाण्डौ।

प.सं.: ०७५/७६
च.नं.: ४६

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौ

मिति : २०७५।०८।०४

श्री स्थानीय तह सबै ।

विषयः- २७ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाउने सम्बन्धमा।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं ४०, मिति २०७५।०८।०२ को पत्र यसैसाथ संलग्न छ ।सो पत्र बमोजिम यही मिति २०७५ मंसीर १७ गते तद्अनुसार डिसेम्बर ३, २०१८ का दिन पनि अन्तर्राष्ट्रिय नारा अंग्रेजीमाः"Empowering persons with disabilities and ensuring inclusiveness and equality", नेपालीमा "अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण तथा समावेशिता र समानताको सुनिश्चितता" र राष्ट्रिय नारा अंग्रेजीमा "Count Me, Include Us", नेपालीमा "मलाई गणना गर, समावेश गर" का साथ विविध कार्यक्रम गरी सबै स्थानीय तहबाट समेत २७ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाउनका लागि परिपत्र गर्न भनि लेखिआएकोले सोही बमोजिम गर्न गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

बन्दना कर्ण
शाखा अधिकृत

**बोधार्थ :**
श्री सुचना शाखा तथा प्रविधि शाखा : website मा upload गरिदिनुहुन ।

सं भा म

प्र-ना-म.
280
०८/०२

नेपाल सरकार

अत्यन्त जरुरी

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
E-mail : mail@mowcsw.gov.np
Website : www.mowcsw.gov.np

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

पत्र संख्या : २०७५/७६
चलानी नं.: ४०

द. नं.:- २६३९
मिति:- ०८/२/२
मिति : २०७५/०८/०२

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

विषय : २७ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाउने सम्बन्धमा ।

यहि २०७५ साल मंसीर १७ गते तद्अनुसार (डिसेम्बर ३, २०१८) का दिन २७ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवस अन्तर्राष्ट्रिय नारा अंग्रेजीमाः "Empowering persons with disabilities and ensuring inclusiveness and equality", नेपालीमा : "अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण तथा समावेशिता र समानताको सुनिश्चितता" र राष्ट्रिय नारा अंग्रेजीमाः "Count Me, Include Us" नेपालीमा : "मलाई गणना गर, समावेश गर", का साथ विविध कार्यक्रम गरी गाउँपालिका तथा नगरपालिका समेतबाट सो दिवस मनाउने मूल समरोह समितिको मिति २०७५/७/३० को बैठकबाट निर्णय भएकोले निर्णयानुसार गाउँपालिका तथा नगरपालिकाबाट २७ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाउने व्यवस्थाका लागि परिपत्र गरिदिनु हुन आदेशानुसार अनुरोध छ ।

बोधार्थः
राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, काठमाडौं ।

(केशव भट्टराई)
उपसचिव

उप० सामाजिक सुरक्षा
पत्राचार गरिदिनु ।
८/३